धुनिवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धादिङ

बागमती प्रदेश, नेपाल

भैंसीपालन प्रवर्द्दन कार्यक्रम वडा नं ०३ संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०९/२२

धुनिवेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जुगेडी,, धादिङको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम प्रदेश सरकारबाट हस्तान्तरण सशर्त अनुदान कार्यक्रम अन्तर्गत "भैंसीपालन प्रवर्द्दन कार्यक्रम ,वडा नं ०३" संचालन गरिने हुँदा स्वीकृत कार्यविधि "स्थानीय तहमा सशर्त अनुदान अन्तर्गत कृषि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" को अनुसूची ४ को क्रियाकलाप नं. १७ बमोजिम यस कार्यक्रम सञ्चालन गर्न इच्छुक फर्म/समूह/सहकारी/संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयमा आइपुग्ने गरी तपसिलमा उल्लिखित कागजात संलग्न राखी धुनिवेशी नगरपालिका, पशुपन्छी विकास शाखामा वा कार्यालयको वेबसाईटमा उपलब्ध गराइएको आवेदन फारम भरी आवेदन दर्ता गर्नु हुन यो प्रस्ताव आह्वान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिलः

सि.नं.	कार्यक्रमको नाम	कार्यक्रम सञ्चालन हुने स्थान	अनुदान रकम रु.	लागत साझेदारी	आवश्यक न्युनतम मापदण्ड
१	भैंसीपालन प्रवर्द्दन कार्यक्रम वडा नं ०३	धुनिवेशी नगरपालिका, वडा नं ०३	९,८०,०००।	५०% (सीप विकास तथा क्षमता अभिवृद्दि तालिम कार्यक्रम को हकमा १००%)	निजि फर्मको हकमा कम्तीमा ३ माउ भैंसी र समुह/सहकारीको हकमा कम्तीमा ८ भैंसीपालक सदस्य भै प्रति सदस्य कम्तीमा २ माउ भैंसी पालेको हुनुपर्ने। (आवेदन पेश गर्दा बखत पालिएको माउ भैंसीको बिमा पोलिसी समेत पेश गर्नुपर्ने।)

आवश्यक कागजातहरू :

१. कार्यलयले उपलब्ध गराएको ढाँचामा आवेदन तथा प्रस्ताव पत्र ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

धुनिवेशी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धादिङ

बागमती प्रदेश, नेपाल

२. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. निजी फर्म/समूह/सहकारी दर्ता/नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि र गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

५. कृषक समूह/सहकारीको हकमा गत आ.व.को साधारण सभाको बैठक निर्णय प्रतिलिपि, लेखा परिक्षण प्रतिवेदन वा अन्य कागजात।

६. कृषक समूह/सहकारी कार्यक्रममा सहभागी हुने तथा कृषक छनौट गरि सहभागी हुने कृषकको विवरण खुलाइएको निर्णयको प्रतिलिपि ।

७. पशुपालन गरिने जग्गाको लालपुर्जा प्रतिलिपि/ लिजमा लिएको जग्गा भए कम्तिमा ५ वर्षको करार सम्झौता पत्र प्रतिलिपि।

८. वडा कार्यालयको सिफारिस पत्र।

९. स्वघोषणा तथा प्रतिवद्धता पत्र ।

१०. बैंक खाता विवरण तथा चेकको प्रतिलिपी।

विनोद कुमार खनाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner